सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल

**संवत् २०८२ साल माघ १४ गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को २३७ औं बैठकले गरेका निर्णयहरू –**

| क्र.सं. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सचिव श्री देवराज जोशी र प्रदेश सचिव श्री तेजप्रकाश जोशीलाई निर्वाचन आयोगको सहमति लिई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पदस्थापन गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था एवं अन्य प्रचलित कानून बमोजिम विभिन्न मितिमा माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश भई प्राप्त भएका देहायका संवैधानिक निकायका बार्षिक प्रतिवेदनहरु प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।<br>देहायः-<br>१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पैतिसौं वार्षिक प्रतिवेदन, २०८१/८२<br>२. राष्ट्रिय दलित आयोगको पाँचौं बार्षिक प्रतिवेदन, आ.व. २०८१/८२<br>३. निर्वाचन आयोग, नेपालको उन्नाईसौं वार्षिक प्रतिवेदन, आ.व. २०८१/८२<br>४. आदिवासी जनजाती आयोगको छैटौं वार्षिक प्रतिवेदन, आ.व. २०८१/८२<br>५. प्रदेश लोक सेवा आयोगको पाँचौं बार्षिक प्रतिवेदन आ.व. २०८१/८२<br>६. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सातौं प्रतिवेदन, २०८२ (सुदूरपश्चिम प्रदेश) |
| ३. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा स्वीकृत गरी सुदूरपश्चिम प्रदेश सभामा पेश गर्न स्वीकृति दिने । |